मिति २०७७।०४।०२ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको २६ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

उपस्थिति:

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरू:

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषयहरु

१. क्वारेन्टीनमा रहेका मानिसहरुको सम्बन्धमा।

निर्णय:

१. प.स.०७६।०७७ १०१ को कोभिड -१९संकट व्यवस्थापन केन्द्रको पत्रानुसार मिति२०७७।०३।२६ गते कतारको दोहाबाट (Flight No2392 )नेपाल आई कन्ट्रयाक ट्रेसिङ मा परेका १४९ जनालाई खरिपाटी क्वारेन्टीनमा राखिएकोमा १ जना ताप्लेजुङ निवासी मिना राईलाई आमाको मृत्यूको कारण सिसिएमसीको सहमतीमा स्थानीय निकाय सँग समन्वय गरी होम क्वारेन्टीनमा पठाईएको। बाँकी रहेका १४८ जनाको मिति २०७७ ।०३।३१ गते पिसिआर टेष्ट गर्दा एक जनाको कोभिड-१९ पोजेटिभ देखिएकोले निजलाई आईसोलेसनमा पठाउने र बाँकीलाई प्रदेशसँग समन्वय गरी सम्बन्धित जिल्लामा पठाउने।